"समुन्नत पर्यटकीय पोखरा"

# पोखरा महानगरपालिका

# बैदाम लेकसाइड पैदलीकरण र सवारी व्यवस्थापन

# अध्ययन प्रतिवेदन, २०८०



पोखरा महानगरपालिका

शहरी योजना आयोग

गण्डकी प्रदेश, पोखरा

# विषय सूची


१. पृष्ठभूमि ........ १
२. अध्ययनको उद्देश्य र औचित्य ........ २
३. अध्ययनको विधि र प्रक्रिया ........ ३
४. अध्ययनको नतिजा र प्रस्तावित विकल्पहरु ........ ४
५. पार्किङ व्यवस्थापन ........ ९
६. स्थानीयको दैनिकी र पर्यटकीय सेवाको व्यवस्थापन ........ १२
७. अपेक्षित लाभ ........ १२
८. आगामी कार्यदिशा ........ १३

## १. पृष्ठभूमि

देशको संघीय पुनःसंरचना पश्चात् पोखरा महानगरपालिका ४६४.२४ वर्ग कि.मी क्षेत्रफल सहित नेपालकै सबैभन्दा ठुलो महानगरपालिका बनेको छ। गण्डकी प्रदेशको राजधानी तथा आर्थिक गतिविधिको केन्द्रको रुपमा स्थापित पोखरा नेपालको संभावित पर्यटकीय राजधानीका रुपमा समेत परिचित छ। उत्तर-पश्चिमबाट दक्षिण-पूर्वतर्फ कहीँ सतहमा देखिदै र कहीँ जमिनमुनि भासिएर शहरको बीचबाट बग्ने सेती नदी यहाँको जल निकासका साथै पर्यटकीय आकर्षणको केन्द्र हो। पूर्व-पश्चिम लमतन्न परेर फैलिएको माछापुच्छ्रे र अन्नपुर्ण हिम श्रृंखलाको छायाँ देखिने फेवा ताल पोखराको पर्यटन प्रवर्द्धनका लागि प्रमुख आकर्षण मात्र नभएर नेपालकै अनुपम प्राकृतिक सम्पदा पनि हो। यसरी आँखै अगाडि देखिने अनुपम हिमालय श्रृंखला, हरियाली, खोला, ताल तलैया, गुफा र भौगोलिक, सांस्कृतिक एवम् जैविक विविधताका कारण पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुको प्रमुख गन्तव्यका रुपमा परिचित छ।


पोखरा महानगरपालिका वडा नं. ६ स्थित बैदाम लेकसाइड (फेवा तालको किनार)क्षेत्र सबै खाले पर्यटकीय गतिविधि तथा सेवाका साथै स्थानीय अर्थतन्त्रको केन्द्रको रुपमा स्थापित छ। त्यसको प्रमुख कारण भनेको कञ्चन फेवा तालको पानीमा देखिने अन्नपूर्ण र माछापुच्छ्रे हिमश्रृङखलाको छायाँ र विश्वस्तरको पर्यटकीय सेवा सुविधा सहितको आतिथ्य तथा मनोरञ्जन उद्योगका साथै होटेल रेष्टुरेण्टहरुको बाहुल्यता हो। विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका कामको सिलसिलामा पोखरा आउने व्यावसायिक तथा पेशागत व्यक्तित्वहरु देखि हिमाल आरोहण, पदयात्रा र पोखरा आसपासका क्षेत्रको भ्रमण गर्न आउने पाहुनाहरुको पहिलो रोजाइ पनि बैदाम लेकसाइड नै हो।

बैदाम लेकसाइडलाई पोखराको मात्र नभएर गण्डकी प्रदेशकै पर्यटकीय प्रवेशद्वारका रुपमा हेर्ने गरिन्छ। यसका कारण उक्त क्षेत्रमा सवारी, पैदलयात्री तथा साइकल यात्रीका साथै स्थानीय समुदायको आवागमन बाक्लो हुने गर्दछ। निरन्तर बढ्दै गएको स्थानीय सवारी साधनका साथै छिमेकी राष्ट्र भारतबाट सडक यातयात मार्फत सिधै आउने पर्यटकहरुका सवारी साधनहरु पनि यस क्षेत्रका सडकमा बाक्लै देखिने गरेका छन्। पछिल्लो समय फेवा तालको बिचमा अवस्थित ताल बाराही मन्दिर अगाडीको बाराही घाट क्षेत्रमा हुने सन्ध्याकालीन आरती अवलोकन तथा भजन श्रवण गर्न जाने स्थानीय समुदाय तथा पर्यटकहरुको उपस्थिति पनि निकै बाक्लो बन्दै गएको छ।

हिमाल आरोहण, पदयात्रा, बञ्जी जम्प, प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, जिप लाइन जस्ता साहसिक पर्यटकीय गतिविधि पश्चात सुस्ताउने र आराम गर्ने स्थल पनि बैदाम लेकसाइड नै बनेको छ। त्यस्ता गतिविधि तथा सेवा आपूर्तिकर्ताहरुको रोजाइमा पनि बैदाम लेकसाइड नै पर्ने गर्छ। यसको प्रत्यक्ष असर उक्त क्षेत्रको सवारी

व्यवस्थापन तथा पैदल यात्रुको सुरक्षामा पर्न गएको छ । बाक्लो आवादी, संरक्षित क्षेत्र र सार्वजनिक जग्गाको अभावमा सडक विस्तारको सम्भावना पनि छैन ।

***बैदाम लेकसाइड क्षेत्र र पोखरा वरपरको गुगल नक्शा***




हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा फराकिला बन्दै गरेका पृथ्वी राजमार्ग, मध्यपहाडी राजमार्ग र सिद्धार्थ राजमार्गका कारण पोखरामा पर्यटकीय गतिविधिहरु विस्तारको संभावना अझै बढेको छ । तर, पोखरामा तुरुन्तै बैदाम लेकसाइडको विकल्पको रुपमा अन्य क्षेत्रहरु नभएको र त्यस्ता क्षेत्रहरु विकसित हुन लामो समय लाग्छ । तसर्थ यस क्षेत्रमा सवारी तथा आगन्तुकहरुको चाप अझै बढ्ने पक्का छ, जुन व्यावसायिक हिसावले सुखद पक्ष हो । आगन्तुक र सवारी बढ्दो चाप सँगसँगै स्थानीय वासिन्दाहरुको जिविकोपार्जन र पर्यटन व्यवसायलाई महानगरपालिका लगायत सबै सरोकारवालाहरुको संयुक्त पहलमा व्यवस्थापन गर्नुपर्ने आजको आवश्यकता हो ।

## २. अध्ययनको उद्देश्य र औचित्य

पोखरा महानगरपालिकाले वि.सं. २१०० सम्ममा समुन्नत पर्यटकीय शहरका रुपमा स्थापित हुने आफ्नो दीर्घकालीन सोच तय गरेको छ । उक्त रणनीतिक दस्ताबेजमा पर्यटनलाई पोखराको समुन्नति र समावेशी आर्थिक विकासको प्रमुख संवाहकका रुपमा पहिचान गरिएको छ । त्यसैगरी महानगरपालिकाले तर्जुमा गरेको समावेशी स्थानीय आर्थिक विकास योजना र प्रथम आवधिक योजनामा पनि पर्यटनलाई स्थानीय अर्थतन्त्रको प्रमुख क्षेत्रका रुपमा औंल्याएर सोही अनुरुप रणनीति र कार्ययोजनाहरु तय गरिएका छन् । यिनै दस्ताबेजहरुमा

टेकेर महानगरपालिकाले कोभिड १९ बाट सुस्ताएको पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउने उद्देश्य सहित पर्यटन पुनरुत्थान योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

महानगरपालिकाको दीर्घकालीन सोचपत्रले पोखरामा हरित अर्थतन्त्र र पर्या-पर्यटनको प्रवर्द्धन मार्फत वि.सं. २१०० सम्म कार्बन तटस्थ शहर बन्ने महत्वाकाँक्षी लक्ष्य निर्धारण गरेको छ । सोही लक्ष्यलाई पच्छ्याउँदै पोखरामा कार्बन उत्सर्जन न्यूनीकरणका उपायहरु पहिचान गरी कार्बन-तटस्थ विकासको मार्गचित्र सम्वन्धी रणनीतिक कार्ययोजना तर्जुमा भई कार्यान्वयनको चरणमा छ । कार्बन तटस्थता र पर्या-पर्यटनको मुल मर्मलाई आत्मसाथ गरेर महानगरपालिकाले कसरी बैदाम लेकसाइड क्षेत्रलाई पैदलयात्रीमैत्री र न्यून कार्बन उन्मुख बनाउँदै त्यस क्षेत्रको व्यवसाय थप विस्तारित हुने गरी सवारी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा अग्रसरता लिएको छ । यसै सिलसिलामा पोखरामा सञ्चालित सुदृढ-नेपाल शहरी उत्थानशीलता परियोजनाको सहकार्यमा पोखरा महानगरपालिका शहरी योजना आयोगले सम्भाव्यता अध्ययन गरी यो प्रतिवेदन तयार पारेको छ ।

यो अध्ययन पोखराको कार्बन तटस्थता हासिल गर्ने लक्ष्य प्राप्त गर्न हरित अर्थतन्त्र र पर्या-पर्यटन मार्फत बैदाम लेकसाइड क्षेत्रको दिगो पर्यटन विकासमा केन्द्रित छ । बैदाम लेकसाइड क्षेत्रलाई स्थानीय समुदाय, उद्यमी-व्यवसायी, आगन्तुक पाहुना र पर्यटकहरु सबैको अनुकूल हुने गरी कसरी पैदलीकरण (pedestrianization) गर्न सकिन्छ भन्ने विषयमा सम्भावित विकल्पहरु पहिचान गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

## ३. अध्ययनको विधि र प्रक्रिया

सहभागितामुलक र समावेशी विधि तथा प्रक्रियाको अवलम्वन गरी स्थलगत अवलोकन, स्थानीय समुदाय र जनप्रतिनिधिहरुसँग अन्तरक्रिया र विषय विज्ञहरुको सल्लाह सुझावको अधिकतम उपयोग गरि यस अध्ययनलाई सम्भव भएसम्म यथार्थपरक बनाउने प्रयास गरिएको छ । सर्वप्रथम सुदृढ परियोजनाका विज्ञ टोली र ललितपुर पुल्चोक स्थित त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान, शहरी योजना विषयमा स्नाकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट बैदाम लेकसाइड क्षेत्रको स्थलगत अध्ययन र स्थानीयसँग अन्तरक्रिया गरिएको थियो । स्थलगत अवलोकनका क्रममा व्यस्त बन्दै गएको लेकसाइड सडकका साथै सम्भावित वैकल्पिक सडक मार्ग, पैदलयात्री-मैत्री बनाउन प्रस्तावित क्षेत्रमा स्थानीय गल्ली (सडक सञ्जाल) हरुको पहुँचहरु पहिचान गरिएको थियो । अध्ययन क्षेत्रलाई अनुसूची १ को नक्शामा प्रस्तुत गरिएको छ ।

प्रमुख लेकसाइड सडकलाई पैदलीकरण गरी सवारी व्यवस्थापनका लागि वैकल्पिक मार्गका साथै पार्किङस्थलहरुको पहिचान र स्थानीय समुदाय तथा होटल रेष्टुरेण्टका लागि आवश्यक दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति, अपाङ्गता भएका र असक्त व्यक्तिहरु, ज्येष्ठ नागरिक, सहयोगापेक्षी पर्यटक तथा तीर्थयात्रीहरुको आवत-जावत  र आपत्कालीन सेवाको आपूर्तिको समुचित व्यवस्थापनका विकल्पहरुको पहिचान गर्ने प्रयास गरिएको

छ । त्यस क्रममा पोखरा महानगरपालिका वडा नं. ६ का जनप्रतिनिधि, सामाजिक संघ-संस्था र पर्यटन क्षेत्रका उद्यमी व्यवसायिहरु सँग अन्तरक्रिया गरी आवश्यक सल्लाह सुझाव र पृष्ठपोषण प्राप्त गरिएको थियो । स्थानीय समुदाय, उद्यमी व्यवसायी तथा आगन्तुक पाहुनाहरुको अनुकुल हुने गरी बैदाम लेकसाइड क्षेत्रको पैदलीकरण र सवारी व्यवस्थापनमा सबै सरोकारवालाहरु सहमत रहेको पाइएको थियो ।


दोश्रो चरणमा शहरी योजनाविद, आर्किटेक्ट, इन्जिनियर, अर्थशास्त्री र समाजशास्त्रीहरु समेतको टोलीले डिजाइ थिङ्किङ्ग (design thinking)को अवधारणा अवलम्वन गरी प्रस्तावित विकल्पहरुका विषयमा गहन विश्लेषण गरी प्राविधिक प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा बैदाम लेकसाइडको मुख्य सडकमा दैनिक आवतजावत गर्ने सवारीको आंकलन गरि बैकल्पीक सडकहको क्षमता र उपयुक्तता, आवश्यक पार्किङस्थलका साथै उक्त क्षेत्रमा रहेका चौतारा लगायतका सार्वजनिक सम्पदाहरुको संरक्षण र सौन्दर्यकरणका लागि विभिन्न बैकल्पिक डिजाइनहरु समेत प्रस्ताव गरिएको थियो ।

त्यसरी प्रस्तावित वैकल्पिक डिजाइनहरुलाई नागरिक समाज, उद्यमी-व्यवसायी, ट्राफिक प्रहरी, गण्डकी प्रदेश तथा संघ सरकारका सम्वन्धित निकायका प्रतिनिधिहरु समेतको सल्लाह र सुझाव अनुरुप थप परिष्कृत र परिमार्जन गरी केही उत्तम विकल्पहरु शिफारिस गरिएको छ ।

## ४. अध्ययनको नतिजा र प्रस्तावित विकल्पहरु

अध्ययनको सिलसिलामा बैदाम लेकसाइड क्षेत्र खासगरी शहिद चोकबाट हल्लन चोकसम्मका सबै बजार क्षेत्र, गल्ली र सहायक सडकहरुमा पैदल यात्रा गरेर त्यहाँको वस्तुस्थिति र सम्भावित वैकल्पिक मार्गहरुको पहिचान गर्ने प्रयास गरिएको थियो । सो अध्ययनका क्रममा मुख्य बजार भएको सडक (जसलाई लेकसाइड रोड भनेर चिनिन्छ) मा आवतजावत गर्नका लागि वैकल्पिक मार्गहरु, सम्भावित पार्किङ स्थलहरु र सवारी व्यवस्थापन पनि मूल सडकमा विस्तार गर्न सकिने पर्यटकीय गतिविधि र व्यावसायिक सम्भावनाको लेखाजोखा गरिएको थियो । त्यसैगरी शहिद चोक भएर बाराही मन्दिरसम्म पुग्ने सार्वजनिक सवारीका लागि वैकल्पिक मार्ग समेत पहिचान गरिएको छ । अध्ययनको नतिजाका आधारमा प्रस्तुत विकल्पहरुलाई आवश्यक नक्शा समेत तयार गरी प्रस्तुत गरिएको छ ।

## *पैदलीकरण गरिने लेकसाइड रोडको शहीद चोक-हल्लन चोक खण्ड*




बैदाम लेकसाइड क्षेत्रको मुल सडक (लेकसाइड रोड)को शहिद चोकबाट हल्लन चोकसम्मको २.४ कि.मि. खण्डमा सवारी आवागमनलाई नियमित र व्यवस्थित गरी उक्त खण्डलाई पैदलीकरण गर्न सकिने अध्ययनको निश्कर्ष रहेको छ। त्यसका लागि जिरो की.मी.बाट फेवा मार्ग हुँदै लेकसाइड तर्फ जाने र पामे हुँदै पोखरा तर्फ आउने सवारीहरुलाई हल्लन चोकबाट लेकसाइड रोडमा प्रवेश (विषेश अवस्थामा बाहेक) निषेध गरी गरी पश्चिम तर्फबाट हुने सवारीको प्रवेशलाई व्यवस्थापन गर्न सकिने देखिएको छ। त्यसैगरी सिर्जना चोक, मुस्ताङ चोक र बिरौटा तर्फबाट राष्ट्र बैंक चोक र शहीद चोक भएर पूर्व तर्फबाट आउने सवारीहरुलाई वैकल्पिक मार्गको प्रयोग गरी लेकसाइड रोडमा प्रवेश नियमित गर्न सकिने देखिएको छ।

## ***शहीद चोक बाट डिहिको पाटन हुँदै हल्लन चोक जोड्ने वैकल्पिक सडक मार्ग***





सिर्जना चोक, मुस्ताङ चोक र बिरौटा तर्फबाट राष्ट्र बैंक र शहीद चोक हुँदै आउने ठुला पर्यटक बस, भाडाका सार्वजनिक बस, ट्रक, विद्यालयका बस तथा माइक्रो बसहरुलाई शहिद चोकबाट कास्की जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयको बिचबाट बुलौदी र फिर्के खोलाको संगम हुँदै अतिथि होटल, शान्ती पाटन चोक, ६ नम्बर वडा कार्यालय, ताल बाराही उच्च मा.वि भएर डिहिको पाटनमा फेवा मार्ग (बैदाम रोड) जोड्ने वैकल्पिक सडक मार्फत दोहोरो आवागमनको व्यवस्था गर्ने ।

प्रस्तावित वैकल्पिक मार्ग भएर लेकसाइडको मूल सडक (लेकसाइड रोड) सम्म पुग्ने पहुँचका लागि एक स्थान (गल्ली नं. १४ बाहेक) उपयुक्त शाखा सडक तथा गल्लीहरु रहेको र दोहोरो सवारी आवागमनका लागि सडकको चौडाई समेत पुग्ने भएकोले उक्त वैकल्पिक मार्गलाई सबैभन्दा उत्तम विकल्प मानिएको छ । हल्लन चोकमा रहेको बस बिसौनीलाई विस्तार गरी वैकल्पिक मार्ग भएर आउने सवारीको समेत व्यवस्थापन गर्न र सोही मार्ग भई फर्केर शहिद चोक हुँदै पहिलेकै रुटमार्फत सेवा प्रदान गर्ने गरी नयाँ रुट दर्ता, सवारी धनी तथा मजदुरहरुलाई अभिमुखीकरण गरी सेवा सुचारु गर्न सकिने देखिएको छ ।

ठुला पर्यटक बसहरुलाई शहिद चोक र वैकल्पिक मार्ग वा लेकसाइड रोड जोड्ने शाखा सडकको उपयुक्त स्थानमा यात्री ओरालेर पर्यटक बसपार्कमा मात्रै पार्किङ गर्ने व्यवस्था गर्न सकिन्छ । यो व्यवस्था पहिलेदेखि नै

भएको तर कार्यान्वयन फितलो रहेकोले सबै पक्षको समन्वयमा प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिएको छ । त्यसैगरी, विद्यालयका बसहरुको लागि पनि विद्यार्थी चढाउन र ओरार्नका लागि सुरक्षाको समेत ख्याल गरी उपयुक्त स्थानहरु पहिचान गरिएका छन् । तिनै स्थानलाई पर्यटक तथा अन्य यात्रुका लागि समेत बस स्टपका रुपमा उपयोग गर्न सकिन्छ ।

***वैकल्पिक सडक मार्गमा पहिचान गरिएका बस स्टपहरु***




साना पर्यटकीय सवारी, जिप, ट्याक्सी र स्थानीयका निजी सवारी साधनहरुलाई शहीद चोकबाट हल्लन चोकतर्फ एक तर्फी प्रवेश गर्न दिने तर तोकिएको स्थान बाहेक अन्यत्र पार्किङ तथा प्रवेश गर्न र शहीद चोक तर्फ फर्कन नदिने गरी नियमन र व्यवस्थापन गर्न सकिन्छ । लेकसाइडमा व्यवसाय गर्ने व्यवसायी, निजी साधनमा आउने आगन्तुक, किनमेल र खानपिनका लागि आउने ग्राहक र तालबाराही मन्दिर दर्शन गर्न आउने तीर्थयात्रीका दुईपांग्रे तथा साना सवारीलाई पनि यसरी नै नियमन र व्यवस्थापन गर्न सकिन्छ । त्यसैगरी, होटल तथा पसलहरुमा सामान र खानेपानी आपूर्ती गर्ने सवारी तथा फोहर संकलन गर्ने गाडीलाई पनि यही नियम लागु गर्न सकिन्छ । निर्माण सामग्री आपूर्ती गर्ने सवारी साधनलाई भने आवश्यकताका आधारमा यही एकतर्फी बाटो प्रयोग गर्न दिए पनि प्रवेशको लागि समय तोकेर नियमन गर्नुपर्ने हुन्छ ।

*दुइतर्फी वैकल्पिक सडक र प्रस्तावित एकतर्फी लेकसाइड सडक*




आपत्कालिन अवस्थामा प्रयोग हुने दमलक, एम्बुलेन्स र सुरक्षा निकाय लगायतका सवारी तथा विशेष अवस्थामा मात्रै चल्ने अति विशिष्ट प्रकृतीका सवारी साधनहरुले भने आवश्यकताका आधारमा सबै सडक, शाखा सडक तथा गल्लीहरु निर्वाद प्रयोग गर्न पाउने छन् ।

*आपत्कालिन तथा अति विशिष्ट सवारीका लागि प्रस्तावित व्यवस्था*




### ५. पार्किङ व्यवस्थापन

पैदलीकरण सँगसँगै बैदाम लेकसाइड क्षेत्रमा आवतजावत गर्ने आगन्तुक तथा पर्यटकका साथै स्थानीय वासिन्दा र व्यवसायीहरुका सवारी पार्किङलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा पनि गहन अध्ययन गरी केही विकल्पहरु प्रस्तुत गरिएको छ । मुल सडकभन्दा भित्र तर्फका व्यवसायी तथा वासिन्दाका लागि वैकल्पिक मार्ग भएर मुल सडक जोड्ने सम्वन्धित गल्ली आसपासका उपयुक्त स्थानमा पार्किङस्थलहरु विकास गरी सञ्चालन गर्न सकिने देखिन्छ । त्यसैगरी, शाखा गल्ली तथा मुल सडकका होटल र व्यवसायिक कम्प्लेक्सहरुको हकमा अधिकांशका आफ्नै पार्किङ स्थल रहेको र नभएकालाई वैकल्पिक व्यवस्था गरी सडकमा पार्किङ निषेध गर्न सकिन्छ । यसका लागि पनि स्थानीय समुदाय, व्यवसायी र सरकारी निकायहरुबीच गहन छलफल गरे उचित विकल्प पहिचान गर्न सकिन्छ ।

पार्किङको शन्दर्भमा सबैभन्दा महत्वपूर्ण विषय भनेको आगन्तुक, पर्यटक र ग्राहकहरुका सवारी साधनहरुका लागि सडक बाहेकका स्थानमा सुरक्षित पार्किङको व्यवस्था गर्नु हो । त्यसका लागि आइतवार देखि बिहिवारसम्म शहीद चोक भएर लेकसाइडको मुल सडकमा प्रवेश गर्ने सवारी साधनहरुको औसत संख्यालाई आधार मानेर सम्भाव्य देखिएका पार्किङस्थलहरु पहिचान गरिएको छ । शुक्रवार र शनिवारको हकमा पर्यटक र निजी सवारी

औसतभन्दा ३० प्रतिशतदेखि ५० प्रतिशतसम्म बढी चल्ने गरेको पाइएको छ । शनिवार भने सरकारी र विद्यालयका सवारी साधनहरुलाई शुन्य मानिएको छ ।

***आइतवार–बिहिवार लेकसाइड प्रवेश गर्ने औसत सवारी संख्या***

| सवारी साधनको प्रकार | संख्या |
|---|---|
| मोटर साइकल | १५०० |
| ट्याक्सी | ५०० |
| निजी कार/जीप/भ्यान | ५०० |
| पर्यटक सवारी साधन (हलुका) | ४०० |
| पर्यटक सवारी साधन (ठूला बस/मिनी-बस) | १०० |
| नगर बस | १०० |
| विद्यालय तथा सरकारी सवारी साधन | १०० |
| सामान बोक्ने सवारी साधन | १०० |

बैदाम प्रहरी चौकी र स्थानीयहरु सँगको अन्तरक्रियाबाट प्राप्त सूचनाले आइतवार देखि बिहिवारसम्म दुईपांग्रे र चारपांग्रे गरी कुल ३३ सय सवारी शहीद चोकको बाटो भएर लेकसाइड सडमा प्रवेश गर्ने गरेको पाइयो । त्यो बाहेक पनि अन्य शाखा सडक र हल्लन चोक तर्फबाट समेत थप सवारी प्रवेश गर्न सक्छन् । त्यसरी प्रवेश गरेका सबै सवारी पार्किङ गर्ने हो भने करिब ४२ हजार वर्ग मिटर क्षेत्रफल पार्किङस्थलका लागि आवश्यक पर्ने देखिन्छ । यद्यपी, उक्त सडकमा प्रवेश गर्ने सबै सवारी त्यहाँ लामो समय बस्दैनन् र करिब २० देखी २५ प्रतिशतका लागि मात्रै पाकिङस्थल व्यवस्थापन गरे पुग्दछ भन्ने मान्यताका आधारमा गर्दा करिब ८३६० वर्ग मिटर क्षेत्रफलका पार्किङस्थल व्यवस्थापन गर्नुपर्ने देखिएको छ । यसमा विद्यालयका बस तथा सरकारी सवारी लगायतका केही सवारी साधनहरुका लागि उक्त क्षेत्रमा पार्किङस्थल आवश्यक पर्दैन भन्ने मानिएको छ ।


***लेकसाइड प्रवेश गर्ने औसत सवारी साधनका लागि आवश्यक पार्किङस्थलको गणना***

| सवारी साधनको प्रकार | सवारी साधनको प्रतिदिन अनुमानित संख्या | प्रति सवारी साधन क्षेत्रफल (व. मि.) | जम्मा क्षेत्रफल (व. मि.) |
|---|---|---|---|
| दुई पांग्रे | १५०० | ४ | ६,००० |
| चार पांग्रे | १४०० | २० | २८,००० |
| बस | १०० | ७८ | ७,८०० |
| कुल क्षेत्रफल | | | ४१,८०० |
| जुनसुकै बेला आवश्यक पर्ने स्थान २०% | | | ८,३६० |

नियमित आवतजावत गर्ने र केही समय रोकिनु पर्ने सवारीका लागि आवश्यक ८३६० वर्ग मिटर क्षेत्रफलको पार्किङस्थल एकै स्थानमा व्यवस्थापन गर्न पनि नसकिने र सवारीका लागि व्यवहारिक पनि नहुने भएकोले फरक फरक स्थानमा जग्गा पहिचान गरिएको छ । बाराही घाटको बस बिसौनी समेत समेट्नु पर्ने भएपछि हल्लन

चोकस्थित क्याम्पिङ चौर क्षेत्र, बाराही घाटको पश्चिम पट्टी (हाल नेपाली सेनाले उपयोग गरिरहेको)को चौर क्षेत्र र कोमागाने पार्क र बसुन्धरा पार्कको बिचबाट फिस्टेल होटल जाने बाटोको दायाँ बायाँको क्षेत्रलाई पार्किङस्थल व्यवस्थापनका लागि उपयोग उपयुक्त विकल्पका रुपमा पहिचान गरिएको छ ।

***पार्किङस्थल व्यवस्थापनका लागि पहिचान गरिएका क्षेत्रहरु***




पार्किङ व्यवस्थापनका लागि पहिचान गरिएका उपरोक्त चार स्थानहरु सबै सार्वजनिक वा सरकारी सम्पत्ती भएकोले त्यहाँको सबै जग्गा उपयोग गर्न मिल्दैन र आवश्यक पनि पर्दैन । ति स्थानहरुको कुल क्षेत्रफल र पार्किङका लागि आवश्यक क्षेत्रफल देहायको तालिकामा प्रस्तुत छ ।

***पहिचान भएका प्रमुख स्थानको कुल क्षेत्रफल र पार्किङमा प्रयोग हुने हिस्सा***

| पार्किङ स्थल | अनुमानित क्षेत्रफल (व. मि.) | पार्किङ क्षेत्रको क्षेत्रफल (%) | क्षेत्रफल (व. मि.) |
|---|---|---|---|
| हल्लनचोक खेल मैदान | १७,४९०.७६ | १२ | २०९९ |
| सैनिक क्याम्प क्षेत्र | १५७३३.४४ | १३ | २०४५ |
| बसुन्धरा पार्क | ५७,१५३.५३ | ४ | २२८६ |
| कोमागाने पार्क | ५८,२६१.०६ | ४ | २३३० |
| | | कुल क्षेत्रफल | ८७६१ |

पहिचन गरिएका क्षेत्रमा पार्किङस्थल विकास र सञ्चालन तथा व्यवस्थापनका विषयमा आवश्यक थप अध्ययन गरि सबै सरोकारवालाहरु सँगको सहमती र सहकार्यका कार्यविधि तर्जुमा गरी अगाडी बढ्न सकिन्छ ।

## ६. स्थानीयको दैनिकी र पर्यटकीय सेवाको व्यवस्थापन

शहिद चोकबाट हल्लन चोक जोड्ने वैकल्पिक मार्गलाई शाखा सडक र गल्लीहरु मार्फत लेकसाइड रोड र आसपासका गल्लीहरुमा रहेका आवासीय घर तथा होटेल व्यवसायहरुसम्म पहुँच रहेकोले तिनै गल्लीहरुको समुचित उपयोग गरेर स्थानीय वासिन्दा, पर्यटक र पाहुनाहरुको आवागमन र मालसामान ओसारपसारलाई व्यवस्थित गर्न सकिने देखिएको छ । त्यसरी सेवा प्रदान गर्ने सवारी साधनहरु मुल सडक (लेकसाइड रोड)मा प्रवेश गर्नुपर्ने भएमा बायाँ माडेर शहीद चोकतर्फ जान नदिई आएकै गल्लीबाट फर्कने वा दायाँ मोडेर एकतर्फी सडक हुँदै हल्लन चोक वा अन्य उपयुक्त गल्लीबाट निस्कने गरी कार्यविधि बनाएर कार्यान्वयन गर्न सकिन्छ ।

पैदलीकरण गरिएको सडक क्षेत्रमा घुम्न आउने आगन्तुक, पाहुना, पर्यटक, वृद्धवृद्धा, भीआइपी, अशक्त आदि वर्गका व्यक्तिहरुको आवतजावत सहजीकरणका लागि अन्य पर्यटकीय शहर, ठुला अन्तर्राष्ट्रिय विमानस्थल, गल्फ मैदान आदिमा प्रयोग हुँदै आएका (तल चित्रमा देखाइए जस्ता) विद्युतीय सवारीहरु सञ्चालन गर्न सकिन्छ । स्थानीय वासिन्दा तथा व्यवसायीहरुका लागि प्रवेश अनुमति (पास) को व्यवस्था गरेर पनि आवश्यकताका आधारमा सवारी आवतजावतमा सहजीकरण गर्न सकिन्छ । यस विषयमा पनि सरोकारवालाहरुसँग आवश्यक छलफल र समन्वय गरेर उपयुक्त कार्यविधि तयार गरी कार्यान्वयन गर्न सकिन्छ ।

***पैदलयात्री -मैत्री क्षेत्रमा सञ्चालन गर्न सकिने सम्भावित विद्युतीय सवारीहरु***



बैदाम लेकसाइड क्षेत्र अवलोकन तथा भ्रमण गर्न आउने आगन्तुक पाहुना र पर्यटकहरुको आवागमन सहजीकरणका लागि शहिद चोक, हल्लन चोक र वैकल्पिक सडकभन्दा बाहिर लैजान नमिल्ने गरी विदेशी पर्यटकीय शहरहरुमा जस्तै निःशुल्क वा न्यूनतम शुल्कमा साइकलहरुको व्यवस्था समेत गर्न सकिने देखिन्छ ।

## ७. अपेक्षित लाभ

बैदाम लेकसाइड क्षेत्रलाई पैदलयात्री-मैत्री बनाउनुको प्रमुख उद्देश्य शहीद चोकबाट हल्लन चोकसम्मको मुख्य सडक (लेकसाइड रोड) मा चरणबद्ध रुपमा अत्यावश्यक बाहेकका सवारीको आवागमन नियमन गरेर कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान पुऱ्याउनु हो । यसबाट त्यहाँको वातावरण, व्यवसाय, जनजीवन र पर्यटकीय आकर्षणमा सुधार भई पोखरालाई कार्बन-तटस्थ शहरको नमुनाका रुपमा परिचित गराउन मद्दत पुग्ने विश्वास गरिएको छ ।

सबैभन्दा महत्वपूर्ण विषय भनेको पोखरा महानगरपालिकाले वि.सं. २१०० सम्म पोखरालाई कार्बन-तटस्थ शहर बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको र पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गर्न पहल गरिरहेको अवस्थामा बैदाम लेकसाइड क्षेत्रलाई पैदलीकरण गर्नु आफैमा एक कोशेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ। यस कदमबाट पोखराका अन्य स्थानहरुलाई पनि सम्भाव्यताका आधारमा पैदलीकरण गर्न उत्प्रेरणा मिल्ने र कार्बन तटस्थ शहरको लक्ष्य प्राप्तिमा सहयोगी हुने विश्वास छ।

## ८. आगामी कार्यदिशा

बैदाम लेकसाइड क्षेत्रलाई पैदलीकरण गर्नुको प्रमुख उद्देश्य उक्त क्षेत्रका स्थानीय वासिन्दा, व्यवसायीक क्षेत्र, समुदाय र अन्य सरोकारवालाहरुको हित अभिवृद्धी गर्नु हो। विशेष गरी स्थानीयको जनजिवन थप सुरक्षित, सौहाद्र र मर्यादित बनाउँदै समुदाय, सार्वजनिक सम्पदा र संस्कृती प्रति जिम्मेवार तथा वातावरण मैत्री व्यवसायलाई प्रोत्साहन गर्दै समावेशी स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउनु यसको मुल ध्येय रहेको छ। त्यसका लागि स्थानीय वासिन्दा, निजी क्षेत्र र अन्य सरोकारवाला निकायहरु सँगको सहमति, समन्वय र सहकार्यमा तोकिएका स्थान वा सडकमा देहाय बमोजिमका साप्ताहिक बजारहरुको विकल्प सहित बैदाम लेकसाइड क्षेत्रको पैदलीकरण सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वयन गर्न सकिन्छ।

सम्भावित साप्ताहिक बजारको उदाहरण:


- **आइतबार र शुक्रबार** : तरकारी, फलफुल तथा स्थानीय कृषि उपज बजार
- **सोमबार र बिहीबार** : हस्तकलाका सामग्री, खाद्यान (परिभाषित र्नुपर्ने) र लत्ता कपडा बजार
- **मंगलबार** : किताब, सूचना प्रविधि र खेलकुद सामग्री बजार
- **बुधबार र शनिबार** : सडक खाना बजार

***नोटः अन्य देशका पर्यटकीय शहरहरुको अभ्यास अनुसार सम्भाव्यताका आधारमा पैदलयात्री-मैत्री सडक क्षेत्रलाई विभिन्न खण्डमा विभाजन गरेर फरक-फरक साप्ताहिक बजार सञ्चालन गर्न सकिन्छ।***

माथि उल्लिखित विषयहरुमा आवश्यक अध्ययन, छलफल र अन्तरक्रिया गरेर विभिन्न विकल्पहरु सहितका प्रस्तावहरु तयार भएपछि महानगरपालिका, वडा, निजी क्षेत्र लगायतका प्रमुख सरोकारवालाहरुको सहमतिमा उत्तम र उपयोगी विकल्पमा अगाडि बढ्ने निर्णय गर्नुपर्छ।

शुरुआती चरणमा कार्यान्वयनको प्रभावकारिताबारे नियमित रुपमा अनुगमन तथा मूल्यांकन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिरहनुपर्छ भने ६ महिनापछि एक संक्षिप्त अध्ययन गरी उद्योग-व्यवसाय, सामाजिक जीवन र पर्यटनमा यसको प्रभाव आंकलन गरेर आवश्यकता अनुसार सुधार गर्दै जानुपर्दछ।

## अनुसूची १: प्रस्तावित पैदलयात्री-मैत्री क्षेत्र, वैकल्पिक मार्ग र सम्भावित पार्किङस्थल सहितको नक्शा



पोखरा महानगरपालिका
शहरी योजना आयोग
गण्डकी प्रदेश, पोखरा
इमेलःcpc@pokharamun.gov.np
फोनः ०६१-५९१०८२